**सम्मानित गाउँ सभाका उपाध्यक्ष ज्यू एवं सम्पूर्ण गाउँ सभा सदस्य ज्यूहरु,**

संघियता सहितको लोकतान्त्रिक गणतन्त्र नेपालको अवधारणालाई आत्मसात गरिएको नेपालको संविधान, २०७२ अनुसार स्थानीय तहको दोश्रो निर्वाचन, २०७९ मा निर्वाचित भई बागमती गाउँ सभामा यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा खुशी र गर्वको अनुभूति गरेको छु ।

यस गाउँ सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँ उपस्थित भई रहँदा राज्यसत्ताको आमूल परिवर्तनको लागि १० वर्षे जनयुद्ध र लोकतान्त्रिक राज्य व्यवस्था स्थापनाको लागि १९ दिने एतिहाँसिक जनआन्दोलनको स्मरण गर्दै राष्ट्रको अग्रगमन र रुपान्तरणको लागि इतिहाँसका विभिन्न कालखण्डहरुमा भएका आन्दोलनमा समेत साहदत प्राप्त गर्नु हुने ती महान नेपाल आमाका वीर शहिदहरु प्रति हृदय देखि श्रद्धान्जली अर्पण गर्न चाहन्छु । शहिदहरुले देखाएका सपनाहरु पूरा गर्न सदैव कटिवद्ध रहने प्रण गर्दै हरेक काम कार्य गर्दा नागरिकहरुलाई केन्द्रमा राखेर मात्र काम कार्यको शुरुवात गर्ने कुरा विश्वास दिलाउन चाहन्छु ।

स्थानीय तहको निर्वाचन सम्पन्न गर्न बागमती गाउँबासी नागरिकहरुले पुर्याउनु भएको योगदानलाई उच्च सम्मान प्रदान गर्दै निर्वाचन सम्पन्न गर्न अहोरात्र खट्नु हुने सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, अन्य संघसंस्थाप्रति हार्दिक धन्यवाद आभार प्रकट गर्न चाहन्छु ।

आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न रोष्टममा उभिँ रहँदा निवर्तमान बागमती गाउँपालिकाका जनप्रतिनिधि ज्यूहरुलाई स्मरण गर्न चाहन्छु, आभार व्यक्त गर्न चाहन्छु । तपाइँहरुले कोर्नु भएको विकासको रुपरेखा योगदानको लागि । हामी विकासको त्यो पदचापलाई पछ्याई विकास कार्यलाई निरन्तरता दिने तथा अधुरा योजनाहरु सम्पन्न गर्न लागि पर्नेछौं ।

विगत दुई/तीन वर्ष देखिको विश्वव्यापी कोभिड महामारीको असरले यस गाउँपालिकामा रोजगारी गुमाएका परिवार निम्न कष्ठकर विपन्न नागरिकको दैनिक जनजीवन क्रमश सामान्य हुँदै गईरहेकोले यस समयमा कोभिड महामारीसँग जुध्न प्रत्यक्ष/अप्रत्यक्ष संलग्न व्यक्ति तथा संस्थाहरुलाई धन्यवाद दिन चाहन्छौं ।

**सम्मानित गाउँ सभाका उपाध्यक्ष ज्यू एवं सम्पूर्ण गाउँ सभा सदस्य ज्यूहरु,**

बागमती गाउँपालिकाको विगत देखिको निरन्तर अथक प्रयास पछि उज्यालो बागमतीको सपना पूरा भएको व्यहोरा यस सम्मानित गाउँ सभामा जानकारी गराउन चाहन्छु । अव बागमती बासीले अध्याँरोमा बस्नु पर्ने अवस्था छैन । हामी यो सफलताको कथामा आत्म गौरव महसुस गर्न चाहन्छौं ।

बागमती गाउँ बासीको अधिकांश जग्गा ऐलानी रहेको र आफैले भोग चलन गरेको जग्गा आफै भोगाधिकारबाट वन्चित नागरिकहरुलाई जग्गाधनि प्रमाण पूर्जा उपलब्ध गराउन बागमती गाउँपालिका विगत ५ वर्ष देखि अहोरात्र खटेको व्यहोरा जानकारी गराउदै यस पालिका अन्तर्गत वडा नं. ४ र ५ मा जग्गा नापजाँच कार्य सम्पन्न भएको छ र अन्य वडाहरु ७, ३ र ६ मा नापजाँच कार्य सुचारु भईरहेको छ । वडा नं. ४ का तीन दलित परिवारलाई जग्गाधनि प्रमाण पूर्जा वितरण कार्य सम्पन्न भएको छ र छिट्टै नै वडा नं. ४ का २८ र वडा नं. ५ का २ गरी जम्मा ३० भूमिहीन सुकुम्बासीहरुलाई जग्गा धनि प्रमाण पूर्जा वितरण गर्ने तयारीमा हामी रहेको व्यहोरा जानकारी गराउदै आगामी २ वर्ष भित्र सम्पूर्ण भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनि प्रमाण पूर्जा वितरण गराई सक्ने हाम्रो प्रतिवद्दता व्यक्त गर्न चाहन्छौं ।

**आदरणीय उपाध्यक्ष ज्यू एवं सम्पूर्ण गाउँ सभा सदस्य ज्यूहरु,**

अव म आ.व. २०७८/०७९ मा यस गाउँपालिकाले हाँसिल गरेका संक्षिप्त उपलब्धिहरु प्रस्तुत गर्न चाहन्छु ।

१) विद्युत विस्तार/उज्यालो बागमतीको सपना पूरा

२) दलित भूमिहीन ३ परिवारलाई जग्गाधनि प्रमाण पूर्जा वितरण

३) वडा नं. ४ र ५ मा जग्गा नापजाँच कार्य सम्पन्न

४) जग्गा नापजाँच कार्य वडा नं. ३, ६ र ७ मा सुचारु

५) इन्टरनेट सेवा विस्तार (वडा नं. १, ४, ६, ७, ८ र ९)

६) DPR (चौराह खोला बेली ब्रिज, ढाँडे खोला बेली ब्रिज, धुङ्गे खोला कल्भर्ट)

७) चौराह खोला बेली ब्रिज, ढाँडे खोला बेली ब्रिज, धुङ्गे खोला कल्भर्ट कार्य सम्पन्न

८) ९ वटै वडाको वडा कार्यालय भवन निर्माण सम्पन्न भई सेवा प्रवाह गर्दै आएको

९) विद्यालय भवन निर्माण (वडा नं. ४ को जनकल्याण आ.वि. र महाबुद्ध आ.वि.)

१०) जनता मा.वि. होस्टल निर्माण चरणमा रहेको

११) शहिद स्मृति पार्क निर्माण चरणमा हरेको

१२) राईगाउँ हे.पो., राईगाउँ र बेतिनी हे.पो., फापरबारीमा ल्याब सेवा सुचारु

१३) सवै ९ वटै वडाहरुमा स्वास्थ्य चौकी भवन निर्माण अन्तिम चरणमा रहेको

१४) गाउँपालिकाबाट अनुदान शिक्षक निरन्तरता

१५) बाल विकास सहजकर्ता र का.स.को तलवमा वृद्धि

१६) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आर्थिक विकास (कृषि र पशु) मा जोडिएको जस्तै : टनेल, इनार, गोठ सुधार, बाखा, बंगुर र माछा पोखरी लगायत कार्यक्रममा ज्याला

१७) राईगाउँ-क्यान्टिन सडक/Rigid Frame Box Calvert/चौरा खोलाको Sub Structure

१८) PCC स्याब ढलान (वडा नं. ८, ४, ३) अन्दाजी २०० मि.

१९) विकास कार्यमा यान्त्रिक उपकरण (Heavy Equipment) को प्रयोग

२०) वडा नं. १ देखि ९ सम्मका विभिन्न ठाउँमा खेती योग्य जमिन र गाउँ वस्ती संरक्षणको लागि ग्याविन लगाउने कार्य

२१) वडा नं. २ मा लिफ्ट सिंचाई

२२) वडा नं. ९ मा सोलारबाट सिंचाई

२३) वडा नं. ९ मा खानेपानी ट्यांकी

२४) वडा नं. ३ मा फुसको छाना विस्थापन अन्तिम चरणमा रहेको

२५) अध्यक्ष कप फुटबल प्रतियोगिता सम्पन्न

२६) वडा स्तरीय फुटबल प्रतियोगिता र बाल मैत्री फुटबल प्रतियोगिता (वडा नं. ४)

२७) घर निर्माणमा नक्सा पासको सुरुवात

२८) भोर्लेनी दुग्ध उत्पादक सहकारी संस्था लि.लाई रु.१०,००,००० अनुदान र डेरी स्थापना

२९) बागमती दुग्ध उत्पादक सहकारी संस्था लि.लाई रु.१०,००,००० अनुदान र डेरी स्थापना

३०) बोयर बोका वितरण (६ वटा कृषक समूहहरुलाई)

३१) बंगुरको पाठापाठी वितरण (वडा नं. ५, ७, २)

बागमती गाउँपालिका मकवानपुर

३२) तरकारी पकेट कार्यक्रम (वडा नं. ६, ७, ८ र ३)

३३) मत्य पालक कृषकहरुलाई माछाको भुरा वितरण

३४) प्लास्टिक टनेल वितरण (२७ घर परिवारलाई)

३५) देवकी मा.वि., ज्यामिरेमा विद्यालय वस सेवा अनुदानको व्यवस्था गरी सेवा प्रवाह गर्दै आएको

३६) नमूना विद्यालय भवन निर्माण कार्य अगाडी बढाइएको

३७) झोलुङ्गे पुल, वेली व्रिज साथै पक्कि पुलहरु निर्माण कार्य अगाडी बढाइएको

३८) सीप विकास सम्वन्धि तालिमहरु संचालन गरिएको

३९) झुरझुरे लिफ्ट सिंचाइ योजना सम्पन्न भएको

४०) गाउँपालिका अन्तर्गतका आफ्नै स्रोत साधन (हेभि इक्युपमेन्टहरु) प्रयोग गरी विभिन्न स्थानहरुमा सडक स्तरोन्नती, ग्रावेल, स्याव ढलान लागायतका कार्य गर्दै आएको

## बागमती गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम

**१. करका क्षेत्रहरु :-**

क. भूमि कर (मालपोत)

ख. घरजग्गा वहालहरु

ग. व्यवसाय कर

घ. वहाल विटोरी

ङ. पार्किङ शुल्क

च. जडीबुटी, जीवजन्तु कर

छ. सेवा सुल्क

**२. समिति :-**

क. सार्वजनिक सेवा तथा क्षमता विकास समिति

ख. आर्थिक विकास समिति

ग. पूर्वाधार विकास समिति

घ. वातावरण तथा वित्तिय व्यवस्थापन समिति

ङ. विधायन समिति

**३. क्षेत्रहरु :-**

**आर्थिक विकास**

- कृषि
- उद्योग तथा वाणिज्य
- पर्यटन
- सहकारी
- वित्तिय क्षेत्र

**४. सामाजिक विकास :-**

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई

बागमती गाउँपालिका मकवानपुर

- साँस्कृतिक प्रवर्द्धन
- लैंगिक समानता, सामाजिक समावेशीकरण

**५. पूर्वाधार विकास :-**

- सडक
- पुल
- सिंचाई
- भवन तथा सहरी विकास
- उर्जा, लघु तथा सानो जलबिद्युत
- बैकल्पिक उर्जा, सिंचाई

**६. वातावरण तथा विपद व्यवस्थापन :-**

- वन तथा भूमि संरक्षण
- जलाधार संरक्षण
- वातावरण संरक्षण
- जलवायु परिवर्तन
- फोहोरमैला व्यवस्थापन
- ल्याण्ड फिल साईट
- जल उत्पन्न प्रकोप नियन्त्रण
- विपद व्यवस्थापन
- वारुण यन्त्र

**७. संस्थागत विकास तथा सेवा प्रवाह :-**

- मानव संसाधन विकास
- संस्थागत क्षमता विकास
- संस्थागत पूर्वधार विकास
- नागरिक वडापत्र
- टोकन प्रणली
- सेवा प्रवाहको मापदण्ड निर्धारण
- सेवा प्रवाहहरुमा विद्युतीय सूचना प्रविधिको विकास

**८. वित्तिय व्यवस्थापन र सुशासन :-**

- लेखांकन
- राजस्व परिचालन
- वित्तिय अनुशासन
- वित्तिय जोखिम न्यूनीकरण
- सार्वजनिक सुनुवाई
- सामाजिक परिचालन
- आ. ले. प.

बागमती गाउँपालिका मकवानपुर

- आन्तरिक नियन्त्रण प्रणाली
- अन्तिम लेखा परिक्षण
- वेरुजु फछ्र्यौट तथा संचार व्यवस्थापन

**९. तर्जुमाका आधारहरुः-**

क. नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित एकल तथा समान अधिकारको सूची
ख. आवधिक योजनाको लिएको नीति तथा कार्यक्रमहरु
ग. संधीय तथा प्रदेश सरकारले बेलाबखत जारी गरेको निर्देशिका, परिपत्रहरु
घ. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय जगतमा गरेका प्रतिबद्धताहरु
ङ. गाउँपालिकाले जारी गरेको ऐन, नियम, तथा निर्देशिकाहरु
छ. स्थानीय सरकार संचालन ऐन
च. संघिय सरकारको बजेट तर्जुमाको नीति तथा निर्देशन
छ. आ.व. २०७९/०८० को संघीय र बागमती प्रदेश बजेट

**१०. प्राथमिकताः-**

क. उच्च प्रतिफल दिने,
ख. श्रम मूलक,
ग. वातावरणमा सघाउ,
घ. शिक्षा, स्वास्थ्य, कृषि, सडक, खानेपानी,
ङ. मानवीय विकास, क्षमता अभिवृद्धि,
च. सामाजिक समावेशीकरण

**११. विकासका आयामहरुः-**

क. भौतिक पूर्वाधार, दिगो विकास
ख. समावेसी विकास
ग. बालमैत्री, अपांग, ज्येष्ठ नागरिक, दलित, आदिवासी, तथा पिछडिएका जातिको उत्थान
घ. उर्जा, बैकल्पिक, उर्जा
ङ. लैंगिक सशक्तिकरण
च. कृषि तथा पशु क्षेत्रको विकास
छ. जलवायु परिवर्तन
ज. विपद व्यवस्थापन

**१२. नीति :-**

क. आर्थिक विकासको माध्यमबाट गरिवी न्यूनीकरण श्रमीकको, न्यूनतम पारिश्रमिक निर्धारण र शिक्षा स्वास्थ्य, र्दघटना विमा को व्यवस्था गरी बेरोजगारीकोको समस्या समाधानमा सघाउ पुऱ्याउने नीति लिएको छ ।
ख. सामाजिक विकासको माध्यमबाट शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, सांस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा समावेशीको नीति अवलम्बन गर्ने ।
ग. पूर्वाधार विकासको माध्यमबाट सडक, पुल, सिंचाई, भवन तथा सहरी विकास गर्ने
घ. वातावरण तथा विपद व्यवस्थापनको माध्यमबाट दिगो विकास गर्ने
ङ. वित्तीय व्यवस्थापन र सुशासनलाई कडाई साथ पालना गर्ने

बागमती गाउँपालिका मकवानपुर

च. संस्थागत सुधार विकास तथा सेवा प्रवाह चुस्त र सरलीकरण गर्ने

छ. शिक्षामा शहिदको छोरा छोरीलाई स्नातक सम्म निःशुल्क पढ्न छात्रा बृत्तिको कोष खडा नीति लिएको छ ।

ज. कर्मचारीहरुको तलब वृद्धि गरिने छ ।

झ. नगर प्रहरी थप गरिने छ ।

ञ. पालिका भित्रको प्रत्येक बस्ती टोल टोल घर-घरमा सडक विजुली खानेपानी संचारको पहुँच पुऱ्याउने नीति लिएको छ ।

**रणनीति तथा कार्यक्रयहरु :-**

**१४. पूर्वाधार विकास :-**

क. सडक मापदण्ड कायम गर्दै भित्रि सडकहरु न्यूनतम ६ मिटर र मुख्य सडकसँग जोडिएका सडकहरु ८ मिटर, ११ मिटर र मुल सडकहरुमा १६ मिटर सडक मापदण्ड कायम गर्न निरन्तरता दिईने छ ।

ख. आगामी आ.व. मा क्रसर उद्योग स्थापना गरी दिगो विकासमा जोड दिइनेछ ।

ग. सडक  गरिनेछ, सडकमा नालीको व्यवस्था तथा ग्राबेल गर्ने कार्यलाई निरन्तरण दिइनेछ ।

घ. आवश्यकीय सडकमा DPR तयार गरिनेछ । कालोपत्रे सडक, ढलान सडक क्रमशः कार्यन्वयन गर्दै लगिनेछ ।

ङ. खेतीयोग्य जमिनमा सिंचाईको लागि कुलो, ह्युम पाईप वितरणमा जोड दिइनेछ साथै बोरिङको लिफ्ट सिंचाई क्रमशः व्यवस्था गरिनेछ ।

च. भवन तथा सहरी विकास मापदण्ड आचार संहिता, २०७२ बमोजिम पालिका क्षेत्र भित्र बन्ने घरहरुमा नक्सा पास गरेर मात्र घर बनाउन स्वीकृति दिइने विषयमा निरन्तर कायम राख्नेछ ।

छ. बागमती गाउँपालिका वडा नं. ८ र वडा नं. ६ जोड्ने चौराह खोलामा तथा बागमती गाउँपालिका वडा नं. ६ रातोमाटे अन्तर्गतको ढाँडेखोलामा वेली वृज निर्माण गर्ने छ ।

ज. झुरझुरे-राईगाउँ-क्यान्टिन सडक निर्माण प्रक्रियालाई निरन्तरता दिईने छ । साथै पक्कि पूलहरु निर्माणको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

झ. गोवर ग्यास प्लान्ट बनाउन प्रोत्साहन गरिनेछ ।

ञ. इन्टरनेट सेवालाई विस्तार गरिनुको साथै बागमति गा.पा. को विकास गतिबिधि रेडियो झुरझुरे मार्फत जनता समक्ष पुऱ्याउनेछ ।

ट. रेडियो झुरझुरे मार्फत जनतासँग अध्यक्ष कार्यक्रम संचालन गरिने छ ।

ठ. प्रत्येक टोल वस्तीमा पुग्ने मोटर बाटोको स्तरोन्नती, नाली व्यवस्थापन एवं ग्रावेलका कार्यहरु संचालन गरिनेछ ।

ड. बागमती करिडोर निर्माणमा आवश्यक पहल कदमी चालिनेछ ।

ढ. राईगाउँ-क्यान्टिन सडक कालोपत्रे गर्ने कार्यमा विषेश जोड दिइनेछ ।

ण. यस गाउँपालिका वडा नं. ५, ४, १ र २ मा रहेको हजारौ विगाह खेतीयोग्य जमिनमा संचाईको लागि नहर निर्माणको पहल गरिनेछ ।

**१५. प्राकृतिक श्रोत संरक्षण तथा विपद व्यवस्थापन :-**

क. वनजंगल संरक्षण, ग्याविन जाली तथा वृक्षारोपणलाई प्रभावकारी बनाइनेछ ।

ख. ठूला पूर्वाधारहरु निर्माण पूर्व IEE गरिने छ ।

ग. आगलागी जस्तो विपद न्यूनीकरणको लागि दमकलको व्यवस्थ गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

घ. विपद व्यवस्थापन कोष स्थापना गरी विपदको समयमा उक्त कोष परिचालन गरिने छ ।

ङ. जल प्रकोप नियन्त्रण गर्न मेस, जाली स्पड आदि बनाउन प्रयत्न गरिने छ ।

च. विकासलाई वातावरण संग जोड्दै एक अर्काको परिपुरकको रुपमा लिईने छ ।

छ. फोहोरमैला व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साहट बनाउने जग्गाको खोजि गरी पूर्वाधार निर्माण तर्फ जोड दिईने छ । प्रभाव मूल्यांकन गर्न EIA मा जोड दिईने छ ।

ज. जडिबुटी पहिचान/संरक्षणमा जोड दिईने छ ।

झ. विपदमा सरकारी गैरसरकारी निजि क्षेत्रसँग समन्वय सहकारी गरी विपद व्यवस्थापन र जोखिम न्यूनीकरण गरिने छ ।

ञ. विपद व्यवस्थापनमा निजि, गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिने छ ।

**१६. संस्थागत विकास तथा सेवा प्रभाह :-**

क. गाउँपालिकाको पूर्वाधार विकास आफ्नै Heavy Equipment प्रयोग गर्दै श्रोत साधनमा आत्मनिर्भर हुँदै जाने नीति लाई निरन्तरता दिइनेछ । थप Heavy Equipment खरिद गरिने छ ।

ख. समग्र मानवीय विकासको अवधारणलाई आत्मसात गरिने छ ।

ग. गा.पा. को संस्थागत क्षमता विकास गर्न श्रोत साधनले सम्पन्न प्रविधि मैत्री सूचना मैत्री अवधारणा लागु गरिने छ ।

घ. Help Desk को स्थापना गरी सेवा प्रवाहमा सरलीकृत गरिने छ ।

ङ. सेवा प्रभाहमा विद्युतीय सूचना प्रणली अवलम्बन गर्दै Software मार्फत date को भण्डारण, तथ्यांक संकलन, विश्लेषण जस्ता कार्य गरिने छ ।

च. आम्दानी खर्चलाई पारदर्शी बनाई राजश्व दायरा फराकिलो पार्दै राजश्व चुहावट न्यूनीकरणमा प्रयत्न गरिनेछ ।

छ. लेखा प्रणलीलाई व्यवस्थित बनाई बेरुजु फछ्र्यौटलाई तदारुकता साथ अगाडी बढाईने छ ।

ज. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण मार्फत जनता सुसुचित हुने अधिकारमा जोड दिईने छ ।

झ. संचार सेवालाई चुस्त दुरुस्त गरिने छ । संचार प्रविधिमा जोड दिईने छ ।

ञ. आ.व. ०७८/०७९ देखि ऐलानी जग्गामा हक भोग गरी बनाईएका घर टहराहरुमा वहाल विटौरी कर लगाईने छ । व्यक्तिले भोग चलन गरेको ऐलानी जग्गाको नाप नक्सा गरी लगत संकलन गरी लाल पूर्जा वितरण गर्ने छ ।

ट. भुक्तानीमा E-payment सेवा क्रमशः लागू गरिनेछ । चेकबाट भुक्तानी हुने प्रकिया क्रमशः कम गर्दै लगिनेछ ।

ठ. सुविधा सम्पन्न गाउँपालिकाको प्रशासकीय भवन निर्माण शुरुवात गरिनेछ ।

ड. E-हाजिरीको व्यवस्था गरी क्रमशः गाउँपालिका हुँदै वडा तहसम्म पुऱ्याइने छ । विना लिखित जानकारी अनुपस्थित भएमा अनुपस्थित भएको दिनको तलव कट्टा गरिनेछ ।

**१७. सहकारी**

बागमती गाउँपालिका मकवानपुर

क. सहकारीताको सचेतना अभिवृद्धि, तथ्यांक व्यवस्थापन, सहकारी दर्ता, नवीकरण र खारेजी गरीने छ । सहकारीको संरक्षण र प्रवर्द्धन गरिने छ । साथै सहकारी संस्थाको क्षमता अभिवृद्धिमा जोड दिईने छ ।

ख. श्रम सहकारीको लागि आवश्यक ऐन, कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**१८. शान्ति सुरक्षा :**

क. गाउँपालिकाको सुरक्षाको लागि पोशाकयुक्त सुरक्षा गार्डको व्यवस्था गरिने छ ।

ख. स्थानीय मेला जात्राको व्यवस्थापन र सुरक्षा गरिने छ ।

ग. अनाधिकृत निर्माण सार्वजनिक सम्पत्ति अतिक्रमणको रोकथाम र नियन्त्रण गरिने छ ।

**१९. स्थानीय सेवा शुल्क :**

क. ढुंगा गिट्टि वालुवा जस्ता नदिजन्य पदार्थको उत्खनन र वेचविखन प्रचलित कानून बमोजिम अमानतमा राजश्व संकलन गर्दै राजश्वलाई प्रभावकारी रुपमा परिचालन गर्न निरन्तरता दिईने छ ।

**२०. जनशक्ति विकास र व्यवस्थापन :**

क. जनशक्तिको क्षमता अभिवृद्धि र कार्य सम्पादन छिटो छरितो बनाउन वृद्धि विकासका अवसरमा जोड दिईने छ ।

ख. समायोजन भई आएका जनशक्ति व्यवस्थापन र उपभोगमा जोड दिईने छ ।

ग. जनशक्तिलाई दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

घ. करारका कर्मचारीहरुको काम सन्तोषजनक भएमा करार नवीकरण गर्ने र काम सन्तोषजनक नदेखिएमा करारको म्याद थप नगर्ने नीति अवलम्बन गरिनेछ ।

**२१. तथ्यांक संलकन :**

क. व्यक्तिगत घटना दर्तालाई सरल बनाई गरिव तथा श्रमिकको घर परिवार पहिचान र बेरोजगारी नागरिकको तथ्यांक संकलन गरिने छ ।

**२२. आयोजना तथा परियोजना :**

क. विकास आयोजना प्रभावकारी अनुगमन, मूल्यांकन गरी सम्पन्न आयोजनाको स्थानीय उपभोक्तालाई संरक्षण र संवर्द्धन एवं उपभोगको लागि हस्तान्तरण गरिने छ ।

ख. विकास आयोजनाहरुको समय मै नापजाँच कार्य सम्पन्न प्रतिवेदनमा प्राविधिक कर्मचारीहरुलाई परिचालन गरिने छ ।

ग. वडा वडामा रहने गरी प्राविधिक र अन्य सेवाको कर्मचारीहरु क्रमशः खटाउने व्यवस्था गरिने छ ।

घ. प्रचलित कानून बमोजिम सहरी विकास भवन निर्माण नीति कानून मापदण्ड लागु गरिने छ ।

ङ. राष्ट्रिय भवन आचार संहिता बमोजिम भवन निर्माणको लागि नक्सा पासको अनुमति, अनुगमनमा जोड दिईने छ ।

च. सार्वजनिक निर्माणको लागि 'घ' बर्गको निर्माण इजाजत पत्र जारीमा निरन्तरता दिईने छ ।

छ. विकास आयोजनालाई वातावरणसंग जोडेर विकास कार्य अगाडी बढाईने छ ।

**२३. शिक्षा :**

क. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा गुणस्तर प्राविधिक, व्यावसायिक शिक्षामा जोड दिईने छ ।

बागमती गाउँपालिका मकवानपुर

ख. विद्यालयको दरबन्दी मिलान कार्यलाई कार्यन्वयनमा ल्याईने छ ।

ग. प्रारम्भिक वाल विकास शिक्षकको पारिश्रमिक वृद्धि, विकास र वैकल्पिक निरन्तर सिकाईलाई जोड दिईने छ ।

घ. सामुदायिक विद्यालयको अनुमति संचालनलाई निरन्तरता दिईने छ ।

ङ. विद्यालयको गुणस्तर वृद्धिमा पहल गरिने छ ।

च. छात्रवृत्ति, आधारभुत तहको परीक्षा संचालन तथा व्यवस्थापन गरिने छ ।

छ. विद्यालयको आय व्ययको लेखा परीक्षण आर्थिक अनुशासन कायम गर्न जोड दिईने छ ।

ज. शैक्षिक अनुगमनलाई प्रभावकारी बनाईने छ ।

झ. प्रचलित कानून बमोजिम शिक्षा क्षेत्रमा प्राप्त अधिकारको प्रयोगमा जोड दिईने छ ।

ञ. शैक्षिक विकासको लागि अनुदानमा नियुक्त गरिएका शिक्षकहरुको नियुक्ति थप निरन्तरता, शैशिक पूर्वाधारको विकास, वैकल्पिक सिकाई, वैकल्पिक सिकाई केन्द्रको विकास, शिक्षामा खेलकुद आदि जस्ता क्रियाकलापहरुको प्राथमिकतामा निरन्तरता दिईने छ ।

ट. एम.बि.बि.एस अध्ययन गर्न छात्रा वृद्धिको व्यवस्था गरिने छ ।

ठ. सहिदको छोरा छोरीलाई स्नातक तह सम्म अध्ययन गर्न छात्रावृत्ति दिईने छ ।

**२४. स्वास्थ्य तथा सरसफाई :**

क. ल्याव सहितको सेवा प्रबाह गरिने छ ।

ख. शव बहान-१ र एम्बुलेन्स-१ खरिद गरी सेवा प्रबाहमा थप गरिने छ ।

ग. कोभिड नियन्त्रण गर्न सर्म्पूण संयन्त्र प्ररिचालन गरिने छ ।

घ. नागरिकका प्रजनन स्वास्थ्य कार्यक्रमहरु संचालन गरिने छ । सरसफाई, पोषण जस्ता कार्यक्रमहरु मार्फत नागरिकहरुलाई स्वस्थ रहन प्रयत्न गरिने छ ।

ङ. सबै वडामा स्वास्थ्य केन्द्रको स्थापना र संचालनमा जोड दिईने छ ।

च. परिवार नियोजन, मातृशिशु कल्याण जस्ता कार्यक्रमलाई बस्ती टोल, घर स्तरमा पुऱ्याईने छ ।

छ. स्वास्थ्य स्वयं सेविकाको मनोवल उच्च राख्न प्रयत्न गरिने छ ।

ज. स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास, मर्मत तथा संरक्षण गरिने छ ।

झ. सरसफाई सम्वन्धि जनचेतनाका कार्यक्रमहरु संचालन गरिने छ

ञ. स्वास्थ्यकर्मी र अन्य कर्मचारीको मनोबल उच्च राख्न प्रयत्न गरिनेछ ।

ट. स्वास्थ्य संस्थाको औषधिको कमि हुन नदिन समयमै औषधिको आपूर्ति गरिनेछ । स्वस्थ्य संस्थाको संस्थागत सुधार लगायतका कामहरु गरिनेछ ।

ठ. शव वाहन खरिद गरि सेवा प्रवाह गरिनेछ ।

ड. विपन्न तथा विकट क्षेत्रमा बसोवास गरिने बिरामी उपचारमा लान लैजान निःशुल्क एम्वुलेन्स सेवा प्रवाह गरिनेछ ।

ढ. ज्योष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य बीमा सेवा प्रवाह गरिनेछ ।

**२५. स्थानीय बजारको अनुगमन :**

क. स्थानीय बजारहरुको मूल्य नियन्त्रण, बजारको प्रभावकारी अनुगमन गरिने छ । अखाद्य वस्तु, म्याद नाघेका बस्तु बेचविखन गरिएको पाईएमा कानून बमोजिम कारवाही गरिने छ ।

ख. स्थानीय हाट बजारको व्यवस्थापन गरिने छ ।

ग. स्थानीय स्तरमा उत्पादन भएका तरकारी फलफूल एवं कृषि उत्पादनको बजार व्यवस्थापन गरिनेछ ।

**२६. न्यायिक समिति सम्बन्धि :**

क. न्यायिक समितिलाई अझ बढी प्रभावकारी बनाईने छ । प्राप्त अधिकार अनुसार न्याय सम्पादन छिटो छरितो गरी न्यायिक अधिकारलाई सुनिश्चिता गरिने छ ।

ख. न्यायिक समिति तथा वडा वडमा रहेका मेल मिलाप केन्द्रलाई सक्रिय बनाउन प्रयत्न गरिने छ ।

ग. न्यायिक समितिलाई प्रभावकारी बनाउन तालिम तथा क्षमता अभिवृद्धि गर्न कार्यक्रम संचालन गरिने छ ।

**२७. अभिलेख व्यवस्थापन :**

क. गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुमा क्रमशः प्रविधि मैत्री अभिलेख व्यवस्थापन गरिने छ ।

ख. अभिलेखीकरण सम्वन्धि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

**२८. कृषि र पशु :**

क. दुग्ध उत्पादनमा अनुदान तथा प्रोत्साहन दिईने छ ।

ख. पशु महमारी रोगको नियन्त्रण गर्न कृषि, पशु प्राविधिक गाउँ, टोल, वस्ती, घर घरमा परिचालन गरिने छ । त्यस्ता रोगहरु नियन्त्रण गर्न प्रयत्न गरिने छ ।

ग. नश्ल सुधारका कार्यकमहरु संचालन गरिने छ ।

घ. दुग्ध चिस्यन केन्द्रको थप विस्तार गरिने छ ।

ङ. पशु विमा कार्यकम संचालन गरिने छ ।

च. गाउँपालिकाका उपयुक्त स्थानहरुमा सम्भाव्यता अध्ययन गरी कृषि संकलन केन्द्र स्थापना गर्न प्रयास गरिने छ ।

छ. कृषि क्षेत्रको विकासको लागि मल, विउ वितरण, टनेल वितरण, रोग किराको नियन्त्रण, स्यालो टयुववेल, ह्युम पाईप वितरण जस्ता कार्य गरी कृषि क्षेत्रलाई उत्पादन मुखी र व्यवसायीकरण गरिदै लगिनेछ ।

ज. साना तथा घरेलु उद्योग स्थापनालाई जोड दिई उद्योग दर्ता सरलीकरण गरिनेछ ।

झ. बाँझो जमिनलाई उत्पादनमुखी गरौं फलफुल खेती, तरकारी खेती, कृषि उत्पादन गर्न प्रोत्साहन र पहल गरिनेछ । साथै बाँझो पर्ति एवं नदी उकास जग्गाहरुमा फलफुल तरकारी खेतीका लागि सरकारी, गैरसरकारी र निजि क्षेत्रसँग सहकार्य समन्वय गरी कृषि क्षेत्रको विकास र प्रवर्धन गरिने छ ।

ञ. पशु क्षेत्रको विकासको लागि पाठापाठी वितरण, वोयर बोका वितरण, कागती खेती, फलफुल खेती, बंगुर पालन र वितरण गर्नुको साथै पशु फर्मको विकास तथा दर्ता गरी दुध, माछा, अण्डामा आत्मनिर्भर हुने गरी नीति तथा कार्यकम अवलम्बन गरिनेछ ।

ट. कृषक समूहको गठन र परिचालन गरिने छ ।

ठ. सार्वजनिक पर्ति जग्गाहरुलाई उत्पादन, संरक्षण एवं प्रवर्धन गर्न विषेश जोड दिइनेछ ।

ड. कृषकहरुको क्षमता अभिवृद्धि गर्न कृषक समूह मार्फत विभिन्न तालिमहरु संचालन गरिनेछ ।

**२९. बेरोजगारी :**

बागमती गाउँपालिका मकवानपुर

क. स्वदेशी बैदेशिक श्रमिकको तथ्यांक संकलन गरिने छ ।
ख. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिईने छ ।
ग. श्रमिकको तथ्यांक संकलन गरिने छ ।
घ. श्रमिकको आत्मसम्मान हुने गरी पारिश्रमिक व्यवस्था गर्न जोड दिइनेछ ।

**३०. भाषा संस्कृतिको विकास :**

क. संस्कृतिक संरक्षण तथा प्रवर्द्धनको लागि मठ मन्दिर, गुम्बा, चर्च मण्डलीको निर्माण तथा संरक्षण संर्वद्धन गरिने छ ।
ख. विभिन्न जातजातिको भाषा र संस्कृतिको संरक्षण र संर्वद्धन गरिने छ ।
ग. कला केन्द्रको स्थापना गरी स्थानीय कला संस्कृतिको संरक्षण र सम्वर्द्धनमा जोड दिइनेछ ।

**३१. खेलकुद :**

क. खेलकुदको विकास र प्रवर्द्धनको लागि खेलकुद प्रशिक्षक नियुक्ति गरी निरन्तर खेलकुद अभ्यास गराईने छ ।
ख. बागमती गोल्ड कपलाई निरन्तरता दिईने छ ।
ग. खेलकुद पूर्वाधारको विकास गरिने छ ।
घ. खेलकुद सामग्री वितरण गरिने छ ।
ङ. कभर्ड हल निर्माण गरिनेछ ।

**३२. विद्युत तथा बैकल्पिक उर्जा :**

क. यस गाउँपालिका भरी विद्युत लाइन विस्तार कार्य सम्पन्न भएकोले **उज्यालो बागमती**को नारा पुरा भएकोले आगामि दिनहरुको विद्युत व्यवस्थापनमा जोड दिइनेछ ।
ख. गोबर ग्यास प्लान्ट निर्माणमा प्रोत्साहन दिईने छ ।
ग. यस गाउँपालिका वडा नं.-१, हात्तीढुङ्गामा निर्माणाधिन अवस्थामा रहेको विद्युत सव-स्टेशनको आगामी आ.व. भित्रै निर्माण सम्पन्न गर्न जोड दिइनेछ ।
घ. विद्युत चहावट मुक्त गाउँपालिका .घोषणा गर्ने नीति अवलम्वन गरिनेछ ।

**३३. सामाजिक सुरक्षा गरिवी निवारण तथा सामाजिक समावेशीकरण :**

क. १० वर्षे एतिहासिक महान जनयुद्ध र १९ दिने ०६२/६३ को जनआन्दनेदन र बेलावेलामा भएका निरकुंशता विरोधी आन्दोलनमा शहादत प्राप्त गर्ने ति महान योद्धा सहिदहरुलाई गा.पा. को हरेक कार्यक्रमम स्मरण गरिनेछ ।
ख. लैंगिक असमानताको ख्याल गर्दै लैंगिक समावेशीकरण, सामाजिक समावेशीकरणलाई जोड दिईनेछ । महिला मैत्री वातावरण महिला स-शक्तिकारण, लैंगिक समानतामा आधारित कार्यक्रमहरु संचालन गरिनेछ ।
ग. अपाङ्ग परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिईने छ । ज्येष्ठ नागरिकहरुको सम्मान कार्यक्रम संचालन गरिने छ ।
घ. ज्येष्ठ र अपाङ्ग नागरिकहरुको तथ्यांक संकलन गरिने छ ।
ङ. लक्षित बर्गको योजना कार्यक्रम संचालन गरिने छ ।
च. गरिब घर पहिचान गरी उपयुक्त कार्यक्रम संचालन गरिने छ ।
छ. वाल मैत्री गाउँपालिका बनाउन आवश्यक कार्यक्रम संचालन कार्यलाई निरन्तरता गरिने छ ।

बागमती गाउँपालिका मकवानपुर

ज. महिला सशक्तिकरणका आवश्यक कार्यक्रम संचालन गरिने छ ।

झ. ज्योष्ठ नागरिक परिचय पत्र वितरण कार्य निरन्तरता दिइनेछ ।

**३४. व्यक्तिगत घटना** :

क. व्यक्तिगत घटना दर्तालाई क्रमशः अनलाईन रुपान्तरण गरिने छ ।

**३५. संचार :**

क. हरेक नागरिकहरुलाई संचार सुविधाको लागि इन्टरनेटमा पहुँच पुऱ्याउन सम्बन्धित निकायहरुसँग पहल गरिने छ ।

ख. विकासका गतिविधिमा जनताको पहुँचमा वृद्धि गरी अध्यक्षसँग बागमती वासीका नागरिकहरुसँग कार्यक्रम संचालन गरिने छ ।

ग. रेडियो झुरझुरेलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

घ. संघीय संघ, प्रदेशको कानूनको आधारमा इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल र तारविहिन टेलिभिजन प्रसारणको अनुमति नियमन नविकरण गरिने छ ।

**३६. घरेलु तथा साना उद्योग प्रवर्द्धन :**

क. घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्न जोड दिईनेछ साथै उद्यमशीलयुक्त नागरिक उत्पादन गर्न प्रयत्न गरिने छ ।

ख. रु. पाँच लाख सम्मको साना तथा घरेलु उद्योगको दर्ता, नवीकरण, नियमन, खारेजी आदि गर्न सकिने छ ।

**३७. पर्यटन र वित्तिय क्षेत्र :**

क. पर्यटकीय क्षेत्रको विकासको लागि शहिद स्मारक पार्कको पूर्वाधार निर्माण, पर्यटकीय पूर्वाधार निर्माणमा प्रथामिकता दिईने छ ।

ख. सहकारी संस्थाको विकास र प्रवर्द्धनको लागि सहकारीताको उदेश्यको लागि चेतनाको अभिवृद्धिमा जोड दिईने छ ।

ग. वित्तिय क्षेत्रको विकासको लागि छरिएर रहेको पुँजी संकलन, ऋण प्रवाह आदिमा बैंक, वित्तिय संस्था तथा सहकारीलाई प्रोत्साहन गरिनेछ ।

घ. पर्यटकीय क्षेत्रको विकासको लागि लिती अमले चौरको पूर्वाधार निर्माणमा प्रयास गरिने छ, साथै ऐतिहासिक पर्यटकीय सम्भावना बोकेको गोल्मे दरबार, गिधा, धोवी डाँडा र डोटे View Tower को विस्तृत DPR बमोजिम सम्बन्धित निकायमा पर्यटकीय विकासको लागि पहल गरिने छ ।

ङ. रमणीय पार्कहरु निर्माण गरिनेछ ।

**३८. स्वच्छ खानेपानी :**

क. स्वच्छ तथा सफा खानेपानी नागरिकलाई उपलब्ध गराउन ट्युबवेल, धारा, कुवा, इनार तथा लिफटिङ खानेपानी जोड दिने कार्यलाई निरन्तरता दिईने छ ।

ख. खानेपानीको मुहान संरक्षण तथा सरसफाईमा जोड दिईनेछ ।

ग. ट्यांकी निर्माण, पाईप आदिको व्यवस्था गरिने छ ।

**३९. खर तथा फुसको छाना :**

क. पालिका भरी खरले छाएको घरको छाना विस्थापित गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।

अन्तमा यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनु हुने आदरणीय बागमती गाउँपालिकाका अध्यक्ष ज्यू, कार्यापालिकाका सदस्य ज्यूहरु, विषयगत समितिका संयोजक र सदस्य ज्यूहरु, कर्मचारी साथीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

सभाध्यक्ष
सर्केश घलान
दोस्रो निर्वाचन पछिको पहिलो गाउँ सभा
बागमती गाउँपालिका, मकवानपुर

बागमती गाउँपालिका मकवानपुर